## कागेश्वरी मनोहरा नगरपालिकामा कार्यक्षेत्र भै नगरपालिकामा सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुलाई कागेश्वरी मनोहरा नगरपालिका सहकारी शाखाको अत्यन्त जरुरी सूचना

संघीय सहकारी ऐन, २०७४ मिति २०७४।१०।०१ मा राजपत्रमा प्रकाशन भै सबै सहकारी संघ संस्थाका हकमा लागू भैरहेको व्यहोरा समस्त सहकारी संघ संस्थाहरुलाई अवगत छदैंछ । सो ऐनको दफा ४२ मा **समितिको निर्वाचन** सम्बन्धी व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाको दफा उतार देहाय बमोजिम रहेको छ ।

---

" **४२. समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पु-याउनु सम्बन्धित संघ र समितिका पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिमको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।"

सहकारी ऐन, २०७४ सबै सहकारी संस्थाहरूका लागि बाध्यकारी रहेको छ । तसर्थ सहकारी ऐन, २०७४ प्रारम्भ भएपछि समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनुहुन अनुरोध छ । पछि अनुगमन तथा अनुसन्धानका क्रममा त्यस्तो पाइएमा प्रचलित सहकारी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउँदै नगरवासी दाजुभाइ दिदीबहिनी सबैले यसै सूचनालाई आधार मानी आफू सदस्य रहेको सहकारी संस्थामा यी प्रावधान पालना गर्न लगाई सस्थाको दिगोपनाका लागि कानूनको पालनामा सहयोग गरिदिनुहुन समेत कार्यालय हार्दिक अनुरोध गर्दछ ।

गिरीराज गवाली
प्रमुख प्रशासकीय अधिकृत
कागेश्वरी मनोहरा नगरपालिका